(आ.व.२०७९/०८० भजनी नगर कार्यपालिकाको बैठक संख्या १)

आज मिति २०७९ साल साउन १९ गते बिहिबारका दिन दिउँसो १ :००बजे भजनी नगरपालिकाका नगर प्रमुख श्री केवल चौधरीज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक तपसिलको उपस्थितिमा बसी देहाय बमोजिमका निर्यणहरु गरियो ।

उपस्थिति

| सि.नं. | नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री केवल चौधरी | नगर प्रमुख | |
| २ | श्री राजु तिरुवा | नगर उपप्रमुख | |
| ३ | श्री धर्मेन्द्र श्रेष्ठ | कार्यपालिका सदस्य | |
| ४ | श्री दुर्गा बहादुर पुनमगर | कार्यपालिका सदस्य | |
| ५ | श्री बिक्रम चौधरी | कार्यपालिका सदस्य | |
| ६ | ~~श्री जन्तारम चौधरी~~ रिना कुमारी चौधरी | कार्यपालिका सदस्य का.वा. वडा अध्यक्ष | |
| ७ | श्री राजेन्द्र प्रसाद खनाल | कार्यपालिका सदस्य(का.वा.वडा अध्यक्ष) | |
| ८ | श्री राम सागर चौधरी | कार्यपालिका सदस्य | |
| ९ | श्री अमर बहादुर कठरिया | कार्यपालिका सदस्य | |
| १० | श्री पंकज चौधरी | कार्यपालिका सदस्य | |
| ११ | श्री संजीव कुमार चौधरी | कार्यपालिका सदस्य | |
| १२ | श्री मन देवी चौधरी | कार्यपालिका सदस्य | |
| १३ | श्री जैसरा कामी ओड | कार्यपालिका सदस्य | जैसरा |
| १४ | श्री शान्ती कुमारी चौधरी | कार्यपालिका सदस्य | |
| १५ | श्री राजमती चौधरी | कार्यपालिका सदस्य | |
| १६ | श्री कृष्ण कुमारी चौधरी | कार्यपालिका सदस्य | |
| १७ | श्री गणेश कुमार वि.क. | कार्यपालिका सदस्य | |
| १८ | श्री प्रेम बहादुर चन्दरा | कार्यपालिका सदस्य | |
| १९ | श्री रामदेव राजी | कार्यपालिका सदस्य | |
| २० | श्री चन्द्र देव भट्ट | नि.प्र.प्र.अ. / सचिव | |

अन्य उपस्थिति

श्री पूर्ण प्रसाद जोशी अधिकृत छैठौं

CamScanner

**प्रस्ताव नं. १** नगर अस्पताल सम्बन्धमा ;

**निर्णय नं. १** प्रस्ताव नं.१ माथि आवश्यक छलफल गर्दा नगर अस्पताल निर्माण सम्बन्धमा आवश्यक पहल गर्ने र भजनी प्राथमिक स्वास्थ्य केन्द्रको परिसरमा संचालन भएको ५ बेडको कोभिड १९ अस्थायी अस्पतालको भवन लाई मर्मत सम्भार गरि आकस्मिक कक्ष/इकाई संचालन गर्ने तथा पोस्ट मार्टम घरको मर्मत सम्भार गरि सेवा संचालन गर्ने र दुवै भवनको मर्मत सम्भार गर्नका लागि लागत अनुमान तयार पारि गत आ.व.२०७८ /२०७९ बाट यस आ.व मा सर्ने आएको अल्या रकमबाट आवश्यक रकम विनियोजन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. २** खाद्य संस्थानका लागि जग्गा खरिद सम्बन्धमा ।

**निर्णय नं. २** प्रस्ताव नं. २ माथि आवश्यक छलफल गर्दा यस नगरपालिकामा स्थापना हुने खाद्य संस्थानका लागि महुन्याल क्याम्पस नजिक स्थित पूर्व क्याम्पस प्रांगण, पश्चिम अस्थायी वाढी पिडित शिविर, उत्तर गौशाला, दक्षिण रोड भित्रको चार किल्ला रहेको १० कट्टा जमिन उपलब्ध गराउने निर्णय गरियो ।

**प्रस्ताव नं. ३** खानेपानी योजनाको लागत सहभागिता सम्बन्धमा ।

**निर्णय नं. ३** प्रस्ताव नं. ३ माथि आवश्यक छलफल गर्दा संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजनाको आ.व.२०७८/०७९ को लागि बिनियोजित बजेट विभागले कार्यान्वयनमा ल्याएको WSSP 1.3 आयोजना कार्यान्वियनका लागि अनुमानित लागतको आवश्यक पर्ने रकम समपुरक कोषबाट व्यहोर्ने गरि भजनी खानेपानी तथा सरसफाई उपभोक्ता समिति संग साझेदारी गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ४** सडक बाटो मर्मत सम्बन्धमा ।

**निर्णय नं. ४** प्रस्ताव नं. ४ माथि आवश्यक छलफल गर्दा यस नगरपालिकाको क्षेत्र भित्रका सबै वडाहरुमा बिग्रे भत्केका सडक /बाटो हरुलाई तत्काल अति आवश्यक परेको स्थानमा लागत अनुमानका आधारमा मर्मत सम्भार शीर्षक बाट मर्मत सम्भार गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ५** कन्द्रा नदीमा अस्थायी पुल निर्माण सम्बन्धमा ।

**निर्णय नं. ५** प्रस्ताव नं. ५ माथि आवश्यक छलफल गर्दा यस नगरपालिकाको हुलाकी राजमार्गमा पर्ने कन्द्रा नदीमा गत आ.व.२०७८/२०७९ बाट यस आ.व.मा सर्ने आएको अल्या रकमबाट रु १००००००।-(दश लाख मात्र) लागत अनुमान बराबरको मोटरसाइकल ,अटो रिक्सा सहज रुपमा आवतजावत गर्न ३० मिटर लामो अस्थायी पुल निर्माण गर्ने निर्णय गरियो ।

२०७८।४।१८

निमित्त प्रमुख प्रशासकीय अधिकृत

२०७८।४।१९

केदल चौधरी

नगर प्रमुख

भजनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भजनी, कैलाली
सुदूरपश्चिम प्रदेश
२०७.

**प्रस्ताब नं. ६** डेलिगेशन सम्बन्धमा ।

**निर्णय नं. ६** प्रस्ताब नं. ६ माथि आवश्यक छलफल गर्दा कन्द्रा नदिमा तटबन्धन , मोहना नदी गुलरिया घाटमा पुल निर्माण,व्यवस्थित ढल निकास,पर्यटन प्रवद्धन लगायतका वृहत आयोजना मागका लागि सर्बदलीय डेलिगेशन टोली सङ्घीय राजधानी काठमाडौ जाने निर्णय गरियो ।

**प्रस्ताब नं. ७** दररेट निर्धारण सम्बन्धमा ।

**निर्णय नं. ७** प्रस्ताब नं. ७ माथि आवश्यक छलफल गर्दा श्रीमान प्रमुख जिल्ला अधिकारीज्यूको अध्यक्षतामा मिति २०७९/०३/३० गते बसेको जिल्ला दररेट समितिले निर्धारण गरेको जिल्ला दररेटका अतिरिक्त देहाय बमोजिम दररेट स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १३ मा भएको व्यवस्था अनुसार नै यस भजनी नगरपालिकाको क्षेत्रभित्रको निर्माण कार्य र अन्य सेवाको प्रयोजनको लागि निर्माण सामाग्री भाडा तथा महसुलको न्यूनतम दररेट लागु गर्ने निर्णय निर्णय गरियो ।

**कर्णाली बाट दुवानी सामाग्री दररेट कर सहित**

| वडा नं. | ग्रेबल (प्र.घ.मि.) | |
|---|---|---|
| 1 | भजनी<br>1089.64 | |
| 2 | रजवारा<br>1089.64 | कटानपुर<br>1123.16 |
| 3 | काँडा<br>1089.64 | कुसुमघट<br>1056.12 |
| 4 | बिजुलिया<br>1190.19 | कुंडी<br>1089.64 |
| 5 | कुटी<br>1089.64 | पगियापसार<br>1123.16 |
| 6 | बिष्णापुर | |

2065/4/15

केवल चौधरी
नगर प्रमुख

| | | |
|---|---|---|
| | 1056.12 | |
| 7 | गणेशमान चोक | |
| | 1156.67 | |
| 8 | छछरहुवा | सोनाफाटा |
| | 1056.12 | 1022.60 |
| 9 | डोंगपुर् | भुरुवा |
| | 1190.19 | 1156.67 |

चुरे बाट दुवानी हुने निर्माण समाग्रीको दररेट  कर सहित

| वडा नं. | ग्रेबल(प्र.घ.मि.) | |
|---|---|---|
| 1 | भजनी | |
| | 1726.48 | |
| 2 | रजवारा | कटानपुर |
| | 1696.44 | 1644.53 |
| 3 | काँडा | कुसुमघट |
| | 1696.44 | 1748.35 |
| 4 | बिजुलिया | कुंडी |
| | 1592.62 | 1696.44 |
| 5 | कुटी | पगियापसार |
| | 1894.07 | 1904.07 |
| 6 | बिष्णापुर | |
| | 1644.53 | |
| 7 | गणेशमान चोक | |
| | 1904.07 | |

केवल चौधरी
नगर प्रमुख

| | | |
|---|---|---|
| 8 | छछरहुवा | सोनाफाटा |
| | 1696.44 | 1726.48 |
| 9 | डोंगपुर | भुरुवा |
| | 1748.35 | 1904.07 |

**प्रस्ताव नं. ८** बिबिध सम्बन्धमा ।

**निर्णय नं. ८** प्रस्ताव नं. ८ माथि आवश्यक छलफल गर्दा देहाय बमोजिम गर्ने निर्णय गरियो ।

**(क)** एघारौ नगरसभा बाट चालु खर्च तर्फ विनियोजित खर्च शिर्षक ३११२१बाट कार्यालयलाई आवश्यक परेको सवारीसाधन (चार पांग्रे गाडी ) खरिदको प्रक्रिया अगाडि बढाउने ।

**(ख)** यस भजनी नगरपालिका क्षेत्र भित्र संचालनमा रहेका झोलुंगे पुलहरुको नियमित रुपमा हेरचाह गर्नका लागि मासिक रु १५००/- (एक हजार पाच सय मात्र ) दिने गरि हरेक पुलमा १ जना ज्यालादारीमा राखी निजको कामको अनुगमन गर्ने जिम्मेवारी सम्बन्धित वडा कार्यालयलाई दिने ।

**(ग)** नेपाल पत्रकार महासंघ कैलालीले मिति २०७९/०३/२० मा सम्पन्न गरि पेश गरेको सार्वजनिक सुनुवाईको प्रतिवेदन अनुमोदन गरि यस भजनी नगरपालिकाको वेवसाइटमा प्रकाशन गर्ने ।

**(घ)** आन्तरिक आय संकलनका लागि तपसिल बमोजिमका ठेक्काहरूको सूचना चौथो पटक सम्म पनि प्रकाशित गर्दा कुनै दरखास्त नपरेका हुदा न्यूनतम अंक रकम घटाई तपसिल बमोजिमका ठेक्कामा तपसिल बमोजिमको न्यूनतम रकम अंक कायम गरि पुनः सूचना प्रकाशित गर्ने ।

तपसिल :

| क्र.स. | ठेक्का नं. | ठेक्काको नाम | न्यूनतम अंक रकम रु. (कर सहित) | फाराम दस्तुर | ठेक्का अवधि |
|---|---|---|---|---|---|
| १. | राजश्व १४-२०७८/०७९ | लौवस्ता घाट, कान्द्रा नदी - भजनी १र ५ | १२,५००/- (बार हजार पाच सय मात्र) | १,०००/- | २०८० असार मसान्तस |

कवल चौधरी
नगर प्रमुख

प्रमुख प्रशासकीय अधिकृत

भजनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भजनी, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

CamScanner

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | म्म |
| | राजश्व १५-२०७८/०७९ | लालबोझी भन्सार खैरेनी घाट, कान्द्रा नदी - भजनी ३२ ५ | ६७५,००/-(सतसट्ठी हजार पाच सय मात्र ) | १,०००/- | " " |
| | राजश्व १७-२०७८/०७९ | बेलुवा जनकपुर घाट पथरैया नदि- भजनी८ | ५,०००/- (पाच हजार मात्र ) | १,०००/- | " " |
| | राजश्व १८-२०७८/०७९ | छछरुवा भर्तापुर घाट पथरैया नदि-भजनी ८ | ७५,००/- ( सात हजार पाच सय मात्र) | १,०००/- | " " |
| २ | राजश्व १९-२०७८/०७९ | जडीबुटी, कवाडी र जीवजन्तु कर भजनी नगरपालिका | १,०,०००/- (एक लाख मात्र) | १,०००/- | " " |

(ङ) यस भजनी नगरपालिकाको कार्यालयमा रिक्त रहेका कृषि विकास ,पशु सेवा अन्तर्गतका दरबन्दी हरुमा स्थायी पदपूर्तिका लागि सु.प.प्रदेश लोक सेवा आयोगमा माग आकृति फाराम भरि पठाएईकोमा कामको चापलाई मध्यनजर गरि स्थायी पदपूर्ति नहुन्जेल सम्म करार सेवामा लिन र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका पदहरुमा करार सेवामा भर्नाका लागि बिज्ञापन गर्ने ।

(च) भजनी नगर कार्यपालिका बाट गत आ.व.२०७८ /०७९ मा भएका निर्णय कार्यान्वयनको समीक्षा गरियो ।

२०७९/४/१३

केवल चौधरी
नगर प्रमुख
२०७९/४/१३

भजनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भजनी, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३